बैठक नं०-२१

बैठक संख्या :

आज मिति २०७६ पौष १० गतेका दिन घ्याङलेख गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्नानुसारका निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री दुर्गादेवी सुनुवार | उपाध्यक्ष | |
| ३ | श्री रामकाजी वाइबा | सदस्य | |
| ४ | श्री एक बहादुर खड्का | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर थिङ | सदस्य | |
| ६ | श्री चक्र बहादुर पाखिन | सदस्य | |
| ७ | श्री विष्णु कुमार कर्माचार्य | सदस्य | |
| ८ | श्री जेसुन्दरी माया वाइबा | सदस्य | |
| ९ | श्री यम कुमारी दमाई | सदस्य | |
| १० | श्री जानुका थापा मगर | सदस्य | |
| ११ | श्री हिमाली माया वि.क. | सदस्य | |
| १२ | श्री गंगा माया वि.क. | सदस्य | |
| १३ | श्री सुन माया थिङ | सदस्य | |
| १४ | श्री सन्तोष नेपाली | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

अन्य उपस्थिति :

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | किशोर कुमार वाइबा | सूचना प्रविधि अधिकृत | |
| २ | | | |

निर्णयहरु :

**निर्णय नं. १** - यस गाउँपालिका अन्तर्गत उपभोक्ता समितिबाट संचालित योजनाहरुको रकम भूक्तानी गर्दा तपशिल बमोजिमको किस्तावन्दीमा भुक्तानी दिने निर्णय गरियो ।

**तपशिलः**

| क.स. | रकम | भुक्तानी दिने किस्ता |
|---|---|---|
| १ | ५ लाख सम्म | १ किस्ता |
| २ | ५ देखि १० लाख सम्म | २ किस्ता |
| ३ | १० लाख भन्दा माथि | ३ किस्ता |

**निर्णय नं. २** - यस गाउँपालिका अन्तर्गतका वडाहरुमा संचालित गाउँपालिकास्तरिय योजनाहरुको सम्वन्धमा वडामा कुनै विवाद आएमा वा सम्वन्धित वडाबाट सिफारिस दिने सम्वन्धमा विवाद उत्पन्न भई समयमा सिफारिस प्राप्त नभएमा त्यस्ता योजनाहरुको कार्यान्वयन गाउँपालिका अध्यक्षज्यूको सिफारिसका आधारमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** - यस गाउँपालिका अन्तर्गत तपशिल बमोजिमका गाउँपालिकास्तरीय योजनाहरुको DPR गर्ने निर्णय गरियो ।

**तपशिलः**

| क.स. | योजनाको नाम |
|---|---|
| १ | खट्टार-अमले-थलागाउँ हुँदै फापरचुलीसम्म पुग्ने सडक, वडा नं. १ |
| २ | चन्दनपुर-सल्ले-भैंसे-सातदोबाटो-वस्तिपुर-थानापती-बसेरी-फापरचुली सम्मको सडक, वडा नं. २ |
| ३ | सोलाभन्ज्याङ-चिलाउने-पचभैया-तीनघरे-राखल-लप्से-सातदोबाटो सडक, वडा नं. ३ |
| ४ | बेलबोट-बन्दिपुर-गोपे-शिखरपुर-रामभँडे-जुगेपानी सडक, वडा नं. ४ |
| ५ | पाखुरे-गर्केफेदी-घट्टेसँग्र-रामपुर बजार-खानिखोला-डोठे-चैनपुर-सिंपाल-पहरे लेक भञ्ज्याङ सडक, वडा नं. ५ |
| ६ | ठाडो खोला पक्कि पुल, वडा नं. २ |
| ७ | मरिण खोला पक्कि पुल, वडा नं. २ र ३ |
| ८ | रामपुर खोला, कुन्डले कुहिना, चारघरे फेदी पक्कि पुल, वडा नं. ५ |
| ९ | तामाजोर खोला पक्कि पुल, वडा नं. ३ |
| १० | गाउँ कार्यपालिका कार्यालयको भवन |

**निर्णय नं. ४** - यस गाउँपालिकाको आ.ब.२०७५।०७६ को आन्तरिक लेखा परिक्षण कमलामाई नगरपालिकाका आ.ले.प. अधिकृत श्री शुसील कुमार बर्माबाट गराउने निर्णय गरियो ।

**निर्णय नं. ५** - मिति २०७६ साल पौष २६ गतेका दिन यस गाउँपालिकाको गाउँ सभाको बैठक बस्ने निर्णय गरियो ।

**निर्णय नं. ६** - घ्याङलेख गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०७६ पौष ७ गतेको बैठकको निर्णय नं. २, ३ र ४ अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** - यस गाउँपालिकाका अध्यक्षज्यूले प्रयोग गर्दै आउनुभएको कार्यालयको गाडी बा.२ भ. ३६८० का लागि घ्याङलेख गाउँपालिका वडा नं. १ निवासी श्री राजेश लो र उपाध्यक्षज्यूले प्रयोग गर्दै आउनुभएको गाडी बा.२ भ. ४३९७ का लागि घ्याङलेख गाउँपालिका वडा नं. २ भैंसे निवासी श्री पवन सुंनुवार लाई नेपाल सरकारको न्यूनतम तलब स्केल र सुविधा दिने गरि हलुका सवारी चालकमा नियुक्ति दिने निर्णय गरियो ।

**निर्णय नं. ८** - यस गाउँपालिकाको पार्श्वचित्र(Village Profile) बनाउनका लागि प्रकृया अघि बढाउने निर्णय गरियो ।

जगत बहादुर मोक्तान
अध्यक्ष

**निर्णय नं. ८** - प्रदेश सरकार ३ नं. प्रदेश हेटौंडा र गाउँपालिकाको ५०/५० प्रतिशत लागत साझेदारीमा यस गाउँपालिकाको न्यायिक समितिको इजलास कक्ष निर्माणका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालय ३ नं. प्रदेश हेटौंडामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** - शिक्षा समितिको मिति २०७६ पौष ७ गतेको बैठकबाट यस गाउँपालिका अर्न्तगत तपशिल बमोजिमका विद्यालयहरुका लागि बाल विकाश सहयोगि कार्यकर्ता आवश्यक भएकोले माग गर्न सिफारिस भई आएको हुँदा सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

**तपशिलः**

| क.स. | विद्यालयको नाम |
|---|---|
| १ | श्री प्रा.वि. सुकाचोरी |
| २ | श्री प्रा.वि केराबारी सल्ले |
| ३ | श्री प्रा.वि खोला गाउँ |
| ४ | श्री प्रा.वि आरुबोट |
| ५ | श्री प्रा.वि राङ्चा |
| ६ | श्री प्रा.वि बागखोर |
| ७ | श्री प्रा.वि आहाले |
| ८ | श्री प्रा.वि रामपुर भन्ज्याङ |
| ९ | श्री प्रा.वि चौकी डाँडा |
| १० | श्री प्रा.वि पाँचघरे |
| ११ | श्री प्रा.वि बुदुमचुली |
| १२ | श्री प्रा.वि माटोखाती |

सन्तोष नेपाल
प्रमुख प्रशासकीय अधिकृत